गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय

पोखरा, कास्की

# स्वतः प्रकाशन (Proactive Disclosure)

## (२०८०/०७/०१ देखि २०८/०९/३० सम्म)

**सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम सामाजिक विकास कार्यालय कास्कीबाट सार्वजनिक गरिएको विवरण ।**

**सूचना सार्वजनिक गर्ने निकायको नामः** सामाजिक विकास कार्यालय,कास्की ।
**सूचना सार्वजनिक गरेको अवधिः** २०८०/०७/०१ देखि २०८०/०९/३० सम्म

## ११. निकायको स्वरुप र प्रकृति

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा अन्तर्गतका गण्डकी प्रदेशका सवै ११ (एघार) जिल्लाहरुमा सामाजिक विकास कार्यालय स्थापना गर्ने गरी गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषदबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भए बमोजिम कास्की जिल्लामा समेत मिति २०७८/०५/१६गतेबाट शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेश पोखराको भवनमा सामाजिक विकास कार्यालय स्थापना भई सञ्चालनमा आएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा रुपान्तरण भएको छ । तीनै तहले नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग मार्फत नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न समयानकुल प्रशासनिक संरचनाको स्थापना, विस्तार, परिमार्जन तथा सञ्चालन गर्ने क्रम जारी नै रहेको छ ।

यसै बीचमा गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको कार्यजम्मेवारी, कार्यवोझ तथा कार्यप्रकृति समेतलाई दृष्तिगत गरी मन्त्रालयको अधिकार र कार्यक्षेत्राधिकार भित्र पर्ने नीति,योजना तथा कार्यक्रमहरुको सशक्त र प्रभावकारी रुपबाट कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न मन्त्रालय अन्तर्गत जिल्लास्तरमा प्रशासनिक संयन्त्रको रुपमा कास्की जिल्लामा समेत सामाजिक विकास कार्यालय स्थापना भएको छ ।

संधीय प्रणालीको सोच अनुरुप स्थापना भएको यस सामाजिक विकास कार्यालयको मूलभूत जिम्मेवारी अन्तर्गत शिक्षा सम्वन्धी जिल्लागत समीक्षा तथा स्थितिपत्र निर्माण, जिल्ला भित्रका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वको पहिचान बोकेका स्थानहरुको संरक्षण तथा मर्मत संभार सामुदायिक विद्यालय तथा भवन निर्माण, मर्मत संभार, खेलकुद विकास तथा सो सँग सम्वन्धित पूर्वाधार विकास लगायतका कार्यहरु पर्दछन् ।

यसका अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा पुर्नस्थापना, ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवको अन्तरपुस्ता हस्तान्तरण, स्थानिय तहका महिला शाखाका कर्मचारीहरुको क्षमता विकास, लैङ्गिक हिंसा तथा सामाजिक कुरीति न्यूनिकरण तथा महिला सशक्तिकरण, बालमैत्री स्थानीय शासन प्रवर्धन, महिला विकास कार्यक्रमद्धारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको संस्थागत विकास तथा क्षमता विकास अभिवृद्धि लगायत महिला, बालवालिका, ज्येठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा समाज कल्याण संग सम्वन्धित क्षेत्रहरुको उत्थान, सशक्तिकरण, संरक्षण तथा विकास लगायतका उल्लेखनिय कार्यहरु सम्पादन गर्ने उद्देश्यबाट निर्देशित भै सामाजिक विकास कार्यालय स्थापना भएको छ।

## २. निकायको काम,कर्तव्य र अधिकार

(क) सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले विनियोजन गरेका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ख) कास्की जिल्लाका चार वटा गाउँपालिका र एक महानगरपालिका क्षेत्र भित्र विनियोजन भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस कार्यालय अर्न्तगत ९ जना कर्मचारीहरुको दरवन्दी रहेको छ ।हाल कार्यरत कर्मचारीहरुको नामवली तथा कार्य विवरण अनुसूची १ मा व्यवस्था गरिएको छ ।

## ४. निकायबाट प्रदान गरिने सेवा

(नं ६ अर्न्तगत बडापत्रमा समावेश)

## ५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | नाम थर | पद कार्य विवरण र शाखा | कार्य विवरण र शाखा | कैफियत |
|---|---|---|---|---|
| १. | इन्द्र बहादुर थापा | कार्यालय प्रमुख | तोकिए अनुसार | |
| २. | ज्ञानेश्वर सुवेदी | अधिकृतस्तर छैटौं | प्रशासन, योजना तथा अनुगमन शाखा, सामाजिक विकास शाखा | |
| ३. | प्रेम बहादुर के.सी. | अधिकृतस्तर छैटौं | आर्थिक प्रशासन शाखा, शिक्षा शाखा | |

कार्यालय प्रमुख

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

### नागरिक वडापत्र

| सेवा र सेवाको प्रकृति | सेवा प्राप्तिका लागि पूरा गर्नुपर्ने कार्यविधि/कागजात | जिम्मेवार पदाधिकारी | कार्यकक्ष | सेवा प्राप्ति गर्न लाग्ने | | क्षतिपुर्ति |
|---|---|---|---|---|---|---|
| | | | | समयावधि | दस्तुर/अन्य शुल्क | |
| योजना तथा कार्यक्रम सम्झौता | १३. योजना तथा कार्यक्रमको सम्झौताको लागि संस्था वा उपभोक्ता समितिको निवेदन र निर्णय प्रतिलिपि ।<br>१४. स्वीकृत लागत अनुमान ।<br>१५. वडा कार्यालको योजना सम्झौता गरिदिने वारेको सिफारिसमा ।<br>१६. सरोकारवाला उपभोक्ताहरुको भेलाबाट निर्वाचित पदाधिकारीको रोहवरमा भएको उपभोक्ता समिति/अनुगमन समितिको गठनको निर्णय प्रतिलिपि ।<br>१७. योजना नयाँ वा क्रमागत के हो र क्रमागत भए गत आ.व. को लेखापरिक्षण प्रतिवेदन ।<br>१८. उपभोक्ता समिति गठन गर्दा कम्तिमा ७ देखि ११ जनाको समिति हुनुपर्ने र महिलाको सहभागिता अनिवार्य ३३ प्रतिशत भएको हुनुपर्ने ।<br>१९. संघसंस्था,समुह,क्लव,समिति आदि जस्ता आधिकारिक संस्थाद्धारा कार्यान्वयन गरिने योजना भए सोही समितिको आधिकारीक निर्णयको प्रमाणित प्रतिलिपि ।<br>२०. प्रचलित कानुन बमोजिम दर्ता भएको दर्ता प्रमाणपत्र र नविकरण भएको प्रमाण ।<br>२१. योजना/कार्यक्रम कार्यान्वयनको कार्यतालिका ।<br>२२. गत आ.व. सम्मको कर चुक्ता भएको प्रमाणपत्र ।<br>२३. समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ।<br>जग्गा स्वामित्व भएको लालपुर्जा वा सार्वजानिक जग्गा भए सम्बन्धित निकायको स्विकृति भए सो सम्बन्धि विवरण कागजात ।<br>२४. भौतिक पूर्वाधार वाहेक अन्य कार्यक्रमको लागि कार्यक्रम प्रस्ताव | प्रशासन,योजना तथा अनुगमन शाखा | १०१ | सोही दिन | शूल्क नलाग्ने | कानून बमोजिम |
| रनिङ विल वा अन्तिम विल भुक्तानी माग | १२. योजना फरफारक गरि पाउँ/ भुक्तानी पाउँ भन्ने वारेको निवेदन ।<br>१३. प्राविधिकबाट मूल्याँकन भएको कार्यसम्पन्न प्रतिवेदन<br>१४. वडा कार्यालयबाट फरफारक गरिदिने वारेको सिफारिस पत्र ।<br>१५. खर्चका प्रमाणित विल भरपाई र पेश गर्नेको दस्तखत/छाप, डोर हाजिर फारमको साथमा कामदारहरुको नागरिकताको प्रतिलिपी ।<br>१६. आयोजना सार्वजिक लेखा परिक्षण फारम<br>१७. खर्च सार्वजानिक सूचना फारमको ढाँचा (अनुसूची-११) | प्रशासन,योजना तथा अनुगमन शाखा/आर्थिक प्रशासन शाखा | १०१/१०२ | सोही दिन | शुल्क नलाग्ने | कानून बमोजिम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १८. सार्वजनिक परिक्षण फारमको ढाँचा (अनुसूची-१३)।<br>१९. उपभोक्ता समितिको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदनको ढाँचा (अनुसूची-१४)।<br>२०. उपभोक्ता समिति/अनुगमन समितिवाट आमभेलाको उपस्थितिमा योजना सम्पन्न भएको व्यहोरा खुलेको खर्चका शीर्षकगत रुपमा अनुमोदन गरेको निर्णयको प्रतिलिपि।<br>२१. योजनाको सूचना पाटी राखिएको फोटा कार्यसम्पन्न भएका तस्विरहरु योजना तथा कार्यक्रम सम्पन्न प्रतिवेदन ।<br>२२. विवरण भरेको कार्यक्रम/योजना अनुगमन फारम। | | | | | |
| लक्षित कार्यक्रमहरु सञ्चालन | ९. सम्बन्धित संघ/संस्थाको निवेदन पत्र<br>१०. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>११. संस्था विधानको प्रतिलिपि, गत आ.ब. को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि।<br>१२. सम्बन्धित कार्यक्रमको प्रस्तावना<br>१३. करचुक्ता खुल्ने कागजात वा प्रमाणपत्र।<br>१४. सम्बन्धित सँस्थाको तर्फबाट सम्झौताका लागि आधिकारिक प्रतिनिधि तोकिएको निर्णय प्रतिलिपि<br>१५. संघ /संस्था भए सो संस्थाको विनियम।<br>१६. सम्बन्धित स्थानिय तहको सिफारिस। | सामाजिक विकास शाखा/शिक्षा शाखा | १०१/१०२ | सोही दिन | शुल्क नलाग्ने | कानून बमोजि |
| सूचना माग र प्राप्त गर्ने | ३. नगरिकताको प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजातहरु।<br>४. रितपूर्वक निवेदन पत्र। | प्रशासन शाखा (सूचना अधिकारी) | १०१ | सूचनाको प्रकृतिका आधारमा नियमानुसार | कानून बमोजिम | कानून बमोजि |
| सम्पूर्ण प्रशासनिक तथा कार्यालयका अन्य कार्यहरु | २. प्रचलित कानून बमोजिम | प्रशासन शाखा/ सम्बन्धित शाखा | १०१/१०२ | कामको प्रकृति अनुसार | कानून बमोजिम | कानून बमोजि |

पनुश्च :-

६. नियमानुसार नि:शुल्क रुपमा प्रदान गर्न सकिने भनी तोकिएको सेवाको हकमा कुनै सेवा शुल्क/ दस्तुर लाग्ने छैन ।

७. सेवाको प्रकृति अनुसार सर्जमिन, आवश्यक प्रहरी प्रतिवेदन र अन्य कागजात तथा प्रमाणहरुको प्रतिलिपि आवश्यक परेको अवस्थामा तोकिए बाहेक अतिरिक्त समय लाग्नेछ।

८. उपरोक्तानुसार सेवा सुविधा वाहेकका सेवा सुविधाको सेवा प्राप्ति कार्यविधि/ प्रक्रिया र लाग्ने दस्तुर तालुक निकाय निर्धारण गरेअनुरुप तथा प्रचलित कानून बमोजिम हुनेछ।

९. सेवाग्राही/सरोकारवालाको गुनासो सून्ने अधिकारी कार्यालय प्रमुखलाई तोकिएको छ।

१०. थप जानकारीका लागि यस कार्यलयको तालुक निकाय सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखरामा सम्पर्क गर्न सकिनेछ।

कार्यालय प्रमु

७.निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रकृयाः आवश्यकता अनुसार स्टाफ वैठक, सम्बन्धित शाखा प्रमुखको राय र टप्पणी जस्ता विधिको प्रक्रिया अपनाइने ।

नीति नियमसंग सम्बन्धित विषयः मन्त्रालय

बजेट, कार्यक्रम र कर्मचारी दरवन्दी सम्बन्धीः मन्त्रालय

बजेट तथा कार्यक्रम कार्यान्वयन अधिकारः कार्यालय प्रमुख

८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

नामः इन्द्र बहादुर थापा

पदः कार्यालय प्रमुख

तह/श्रेणीः अधिकृतस्तर आठौं

९. सम्पादन गरेको कामको विवरण

(अनुसूची २ बार्षिक प्रतिवेदमा उल्लेखित)

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नामः ज्ञानेश्वर सुवेदी | नामः इन्द्र बहादुर थापा |
| पदः अधिकृतस्तर छैटौं | पदः अधिकृतस्तर आठौं |
| सम्पर्कः ९८५६०८०६२७ | सम्पर्कः ९८५६०३१०६१ |
| इमेलः subedigyane@gmail.com | इमेलःsdokaski@gmail.com |

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(अनुसूची २मा उल्लेख गरिएको)

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण (अनुसूची-२)

कार्यालय प्रमुख

१५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण

वेभसाइटः sdokaski.gandaki.gov.np

इमेलः sdokaski@gmail.com

१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

(यस सँग सम्बन्धित विवरण अनुसूची-२ मा उल्लेख गरीएको छ।)

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।


## अनुसूची-१

सामाजिक विकास कार्यालय कास्कीको दरबन्दी विवरण

| क्र.सं. | पद | सेवा/समुह | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | प्रशासन/शिक्षा/विविध | अधिकृत(७/८) | १ | |
| २ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | पाँचौं/छैटौं | १ | |
| ३ | सहायक/अधिकृत | इन्जिनियर/सिभिल | पाँचौं/छैटौं | १ | |
| ४ | सहायक/अधिकृत | प्रशासन/लेखा | पाँचौं/छैटौं | १ | |
| ५ | सहायक/अधिकृत | शिक्षा/सा.प्र. | पाँचौं/छैटौं | १ | |
| ६ | सहायक/अधिकृत | विविध | पाँचौं/छैटौं | १ | |
| ७ | ह.स.चा. | | श्रेणी विहिन | १ | |
| ८ | कार्यालय सहयोगी | | श्रेणी विहिन | २ | |
| जम्मा | | | | ९ | |

कार्यालय प्रमुख

## संगठनात्मक ढाँचा




### सामाजिक विकास कार्यालय कास्कीमा हाल कार्यरत जनशक्ति

| क.सं. | नामथर | पद | तह/श्रेणी | सेवा/समुह | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्द्र बहादुर थापा | कार्यालय प्रमुख | अधिकृतस्तर आठौं | नेपाल शिक्षा/शिक्षा प्रशासन | |
| २ | ज्ञानेश्वर सुवेदी | अधिकृत छैटौं | अधिकृतस्तर छैटौ | नेपाल प्रशासन सा.प्र. | |
| ३ | प्रेम बहादुर के.सी. | | अधिकृतस्तर छैटौ | नेपाल प्रशासन लेखा | |
| ४ | जेनिसा रानाभाट | सहायकस्तर | पाचौं | | करार |
| ५ | अमरेश कुमार यादव | सहायकस्तर | पाचौं | | करार |
| ६ | राजेश थापा | कार्यालय सहयोगी | श्रेणीविहिन | | करार |
| ७ | सन्दिप रानाभाट | कार्यालय सहयोगी | श्रेणीविहिन | | करार |

अनुसूची -२

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

# प्रथम चौमासिक बजेट

(बजेट रू. हजारमा)

| क्र.सं. | बजेटको स्रोतको किसिम | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | प्रदेश सरकार | ५३०० | १२८० | ६५८० |
| २ | संघ सशर्त | | | |
| | कुल बजेट | ५३०० | १२८० | ६५८० |

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

## आयोजना/कार्यक्रमगत प्रगती विवरण (चार्टमा पनि देखाउनु होला)

(बजेट रू. हजारमा)

| क्र. सं. | कार्यक्रमको नाम | खर्च शीर्षक नं. | प्रथम चौमासीक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| क) चालु कार्यक्रमहरु | | | | | | |
| १ | आपतकालिन उद्धार कार्यक्रम | २२५२२ | ५० | ० | (बजेट रू. | हजारमा) |
| २ | महिलाहरुको लागि निशुल्क लोक सेवा तयारी कक्षा सञ्चालन | २२५२२ | ५०० | ० | ०% | |
| ३ | महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान | २२५२२ | ५०० | ० | ०% | |
| ४ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन | २२५२२ | १०० | ० | ०% | |
| ५ | जिल्ला बाल संजाल बैठक र जिल्ला बाल अधिकार समिति गठन तथा परिचालन | २२५२२ | ६० | ० | ०% | |
| ६ | मिडियासँग सामाजिक विकास कार्यक्रम | २२५२२ | १५० | ० | ०% | |
| ७ | सामाजिक कुरीति विरुद्ध अभियान सञ्चालन (लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानिकारक अभ्यासहरु न्यूनीकरण) | २२५२२ | ३०० | ० | ०% | |
| ८ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | २२५२२ | ४०० | ० | ०% | |
| ९ | जिल्ला बाल अधिकार समिति/जिल्ला बाल सञ्जालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी अभिमुखिकरण | २२५२२ | ५० | ० | ०% | |
| १० | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम (CBR) | २२५२२ | १६७ | ० | ०% | |
| ११ | शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | २२५२२ | ५० | ० | ०% | |
| १२ | विषयगत शिक्षक समूह गठन परिचालन (गणित, विज्ञान र अग्रेजी) | २२५२२ | ५०० | ० | ०% | |
| | *चालु खर्च तर्फका कार्यक्रम जम्मा:-* | | *२८२७* | *०* | *०%* | |
| ख) पुँजीगत कार्यक्रमहरु | | | | | | |
| १ | दिव्य शान्ती अनुभूति केन्द्र भवन निर्माण, पोखरा-११ | ३११५९ | ६४० | ० | ०% | |
| २ | धर्म शिला बुद्ध विहार (मर्मत/सम्भार/संरक्षण/सुधार कार्य), पोखरा-३, कास्की | ३११५९ | ६४० | ० | ०% | |
| | *पूंजिगत खर्च तर्फका कार्यक्रम जम्मा:-* | | *१२८०* | | | |
| | *चालु तथा पूंजिगत खर्च तर्फका कार्यक्रम जम्मा:* | | *४१०७* | | | |

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

# सम्पन्न भएका कार्यक्रमहरु

- भयश्वरी आ.वि खेल मैदान निर्माण,पोखरा-१४
- शिव पञ्चायन मन्दिर मर्मत संभार,पोखरा-१४,प्रगतिटोल
- शान्ति मा.वि पोखरा-१६,घेरावाल निर्माण ।
- नर्बदेश्वर शिवालय मन्दिर स्तरोन्नती,पोखरा-१६
- लक्ष्मी मा.वि खेल मैदान , पोखरा-२६
- दशनामी सेवा समाज,राजाको चौतारा अधुरो भवन स्तरोन्नती,पोखरा-३३
- राधाकृष्ण वृद्धा आश्रमको स्तरोन्नती , पोखरा-३२
- भगवती मन्दिरमा पूर्वाधार विकास पोखरा-३३
- राष्ट्रज्योति मा.वि बाल उद्धान निर्माण मादी-११

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

# चालु बजेट तर्फका सम्पन्न कार्यक्रहरु

- एकल महिलाहरुको लागी नेतृत्व विकास कार्यक्रम
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन
- आत्महत्या रोकथाम तथा न्युनिकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन
- दलित महिलाहरुको लागि २ दिने नेतृत्व विकास कार्यक्रम

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय सामाजिक विकास कार्यालय, कास्की गण्डकी प्रदेश, पोखरा, नेपाल

# विषय क्षेत्र अनुसार बजेट र खर्च विवरण

| क्र. सं. | कार्यक्रमको विषय क्षेत्र | जम्मा कार्यक्रम संख्या | जम्मा सम्पन्न संख्या | चालु | | | पुँजीगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | खर्च | खर्च% | बजेट | खर्च | खर्च% | बजेट | खर्च | खर्च% |
| १ | शिक्षा | ५ | | ७५० | | | ६४० | | | | | |
| २ | भाषा, साहित्य, संस्कृति र सम्पदा (जस्तैः मन्दिर, गुम्बा, मस्जिद, चर्च, कियापुत्री भवन, पुरातत्व, संग्रहालय आदि) | १ | | | | | ६४० | | | | | |
| ३ | बालबालिका तथा किशोर किशोरी | ३ | | ५१० | | | | | | | | |
| ४ | लैङ्गिक समानता तथा महिला सशक्तीकरण | ३ | | ९०० | | | | | | | | |
| ५ | अपाङ्गता भएका व्यक्ति | १ | | १६७ | | | | | | | | |
| ६ | ज्येष्ठ नागरिक | ० | | | | | | | | | | |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ० | | | | | | | | | | |
| ८ | विज्ञान तथा प्रविधि | ० | | | | | | | | | | |
| ९ | श्रम तथा रोजगारी | ० | | | | | | | | | | |
| १० | सामाजिक संघ संस्था (जस्तै आमा समूह, क्लब, सहकारी, गै.स.स. आदि) | १ | | ५०० | | | | | | | | |
| ११ | मानव बेचविखन तथा ओसारपसार र हिंसा नियन्त्रण | ० | | | | | | | | | | |
| | जम्माः- | १४ | | २८२७ | | | १२८० | | | | | |

[redacted]

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

## मुख्यमुख्य उपलब्धिहरु (बुँदागत रूपमा लाभान्वितको संख्या सहित)

१. चालु आर्थिक बर्षको चालु तथा पुँजिगत खर्च तर्फका कार्यक्रमहरू मध्ये २९ वटा योजनाहरूको लागत इस्टिमेट तयार भै संबन्धित उपभोक्ता समितिसंग योजना संझौता सम्पन्न भएको ।
२. विभिन्न दिवशीय कार्यक्रमहरू नियमित रुपमा तोकिएको समयमा मनाइदै आएको ।
३. चालु आर्थिक बर्षको चालु तथा पुँजिगत खर्च तर्फका निर्माण कार्य तर्फका ७५ योजनाहरू मध्ये ५५ वटा योजनाहरूको स्थलगत अनुगमन/निरिक्षण र समन्वय गरिएको ।

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, पोखरा,
गण्डकी प्रदेश,

# कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरु

१. कार्यक्रमहरु उपर दोहोरो उपभोक्ता समितिहरुको दावी रहेको ।

२. सार्वजनिक जग्गा हो भनि उपभोक्ता समितिहरुले सिफारिस ल्याउँदा निकै असहज हुने गरेको ।

३. केहि उपभोक्ता सँस्थाहरु सजिलै सम्पर्कमा उपलब्ध हुन नसकेको ।

४. कार्यालयमा कार्यरत करार सेवाका प्राविधिकहरुबाट लागत अनुमान देखि सम्पन्न प्रतिवेदन तयार गर्दा अत्याधिक चापको कारण निकै जोखिम रहेको ।

५. चालु कार्यक्रमहरु र निर्माणका कार्यक्रमहरु सँगसँगै सञ्चालन गर्दा समयमा तादम्यता मिलाउन समस्या भएको ।

६. कार्यक्रम कार्ययोजना तयार भइसकेपछि थप अखितयारीहरु प्राप्त भएको । समयमै कार्यक्रमहरु संसोधन गर्नुपर्नेमा सो नभइरहेको ।

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

# समस्या समाधानका लागि गरिएका प्रयासहरु

| क्र.सं. | समस्याहरु | समस्या समाधानका लागि गरिएका प्रयासहरु |
|---|---|---|
| १. | चार पाङ्ग्रे सवारी साधन नभएको | कार्यालयको आफ्नै चार पांग्रे सवारी साधन नहुँदा कर्मचारीलाइ निजी सवारी साधनमा फिल्डमा पठाउनु पर्ने भएकोले कम्तिमा १ वटा भए पनि चार पाँग्रे सवारी साधन उपलब्ध गराईनु पर्ने । |
| २. | कार्यालयमा पर्याप्त कोठा नभएको | शिक्षा विकास निर्देशनालयबाट उपलब्ध गराईएको ३ वटा कोठा प्रयाप्त नभएको हुँदा कार्यालयको आफ्नै भवन निर्माणको लागि बजेट व्यवस्था हुनु पर्ने । |
| ३. | अस्पष्ट आयोजनाको ठेगाना स्पष्ट नभएको | • सिध्दार्थ समिति गुम्वा पुनःनिर्माण रुपा ६ कास्की हुनुपर्नेमा रुपा गाउपालिका वडा नं. ७ भएको<br>• काँडे खेल मैदान स्तरोन्नति अन्नपूर्ण ३ हुनुपर्नेमा अन्नपूर्ण ४ भएको<br>• शिव मन्दिर पुनिर्माण पोखरा २१ मात्र हुन गएकोले दोहोरो टोल विकास संस्थाको दावी रहेको |
| ४. | स्थायी प्राविधिक कर्मचारीको पदपुर्ति नभएको | कार्यालयमा कार्यरत करार सेवाका प्राविधिकहरुबाट लागत अनुमान देखि सम्पन्न प्रतिवेदन तयार गर्दा अत्याधिक चापको कारण निकै जोखिम रहेको । |

कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
सामाजिक विकास कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा, नेपाल

# खर्च विवरण (चार्टमा पनि देखाउनु होला)

(बजेट रू. हजारमा)

| क्र.सं. | स्रोत | चालु तर्फ | | | | पुँजीगत तर्फ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत | प्रथम चौमासीक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत | वार्षिक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत |
| १ | प्रदेश सरकार | ५३०० | १५५० | २९.२४% | १५% | १२८० | ० | ० | ३०% | ७४६३६ | १५५० | २.०७६% | २२.५% |
| २ | संघ सशर्त | | | | | | | | | | | | |
| | जम्मा: | ५३०० | १५५० | | | १२८० | ० | ० | | ७४६३६ | १५५० | | |

कार्यालय प्रमुख